


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज ११ गते सोमबार ❑ 27 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मुख्यमन्त्री पोखरेल – राष्ट्र संघ नेपाल प्रमुख सारा बेसोलो भेट

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र संयुक्त राष्ट्र संघका लागि नेपाल प्रमुख सारा बेसोलो नान्तीबीच आइतबार पोखरामा औपचारिक भेटघाट भएको छ।

विश्व पर्यटन दिवसका अवसरमा गण्डकी सरकारले नेपालस्थित राजदूत तथा विकास साझेदार संस्थाका प्रमुखका लागि गरेको विशेष कार्यक्रममा भाग लिन आएकी सारा बेसोलोले मुख्यमन्त्री कार्यालयमै भेटघाट गरेकी हुन्।

उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले संयुक्त राष्ट्र संघको स्थापना भएदेखि नै नेपाल निरन्तर संलग्न हुँदै आएको स्मरण गराए। सुरक्षा परिषददेखि विभिन्न समितिहरुमा जिम्मेवारी लिएर नेपालले सफलताका साथ काम गर्दै आएको मुख्यमन्त्री पोखरेलले बताए। संयुक्त राष्ट्र



संघको नेतृत्वमा विश्वमा शान्ति स्थापनाको सवालमा नेपालले महत्वपूर्ण योगदान गर्दै आएको भन्दै उनले राष्ट्र संघकै नेतृत्वमा शान्ति, स्थिरता र समृशिद्ध हासिल हुनेमा नेपाल सदैव प्रतिबद्ध रहेको बताए।

राष्ट्र संघले नेपालमा मानवीय क्रियाकलापका क्षेत्रमा लैंगिक विकास, मानव अधिकार, दीगो विकास लक्ष्य हासिल गर्नका लागि गरेको सहयोग महत्वपूर्ण रहेको मुख्यमन्त्री पोखरेलले बताए। उनले भने, 'सुशासनको प्रत्याभूति, संघीयताको कार्यान्वयन र विकासका कार्यमा हाम्रो ध्यान केन्द्रित भएको छ।' कोभिडले थला परेको सामाजिक आर्थिक अवस्थालाई पुनरुत्थान गर्न आफूहरु अग्रसर रहेको भन्दै मुख्यमन्त्री पोखरेलले स्वास्थ्य, शिक्षा र समग्र विकास प्रणालीलाई फरक ढंगबाट संबोधन गर्नुपर्ने भनाइ राखे। उद्योग, पर्यटन, कृषि आदि क्षेत्रको पुनरुत्थानका लागि प्रदेश सरकारले योजनाहरु तयार गरिरहेको भन्दै मुख्यमन्त्री पोखरेलले दीगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी कार्यान्वयनमा लैजान क्रियाशील भएता पनि त्यसलाई हासिल गर्न थप मेहनत गर्नुपर्ने बताए। भेटका क्रममा संयुक्त राष्ट्र संघका लागि नेपाल प्रमुख सारा बेसोलो नान्तीले दीगो आर्थिक विकास, प्रदूषणमुक्त रोजगारी (ग्रिन जब) आफूहरुको पहिलो प्राथमिकता रहेको बताइन्। उनले भनिन्,' संयुक्त राष्ट्र संघले ५ वर्षका लागि विकास फ्रेमवर्क बनाउँदैछ, प्रदेशले निर्धारण गरेका प्राथमिकतालाई त्यसमा समावेश गरेर हामीले अगाडि बढाउने छौं।' उनले दीगो विकास लक्ष्य कार्यान्वयन गर्ने, न्यायमा आधारित सामाजिक तथा आर्थिक विकास गर्न राष्ट्र संघले अझै सघाउने प्रतिबद्धता जनाइन्।

भेटका अवसरमा नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले र प्रमुख सचिव डा. दामोदर रेग्मीले प्रदेशका प्राथमिकता र राष्ट्र संघको भूमिकाका बारेमा चर्चा गरे।

## पोखरा महानगरपालिकामा बिजुक्छे विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असोज**

नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत पोखरा महानगरपालिका समितिका लागि शनिबार सम्पन्न निर्वाचनबाट सुरेन्द्रमान बिजुक्छे नगर सभापतिमा निर्वाचित हुनुभएको छ।

आइतबार बिहान घोषित मतपरिणामअनुसार उहाँले ४१४ मत प्राप्त गर्नुभयो भने उहाँका निकटम प्रत्यासी गङ्गाधर पराजुलीले ३४६ मत प्राप्त गर्नुभयो। महानगरको सभापतिमा कूल छ जनाको उम्मेदवारी परेकामा खसेका कूल एक हजार ३४४ मतमध्ये रामराज लामिछानेले २०९, मिलन तिवारीले १५३, मोहन बाँस्तोलाले १२६ र ज्योति हमालले



११ मत प्राप्त गर्नुभयो। पोखरा उद्योग वाणिज्य सङ्घका महासचिव समेत रहनुभएका बिजुक्छे यसअघि नेपाली कांग्रेस पोखरा महानगरको उपसभापति हुनुहुन्थ्यो। यसैगरी उपसभापतिमा ५६९ मत प्राप्त गर्दै प्रयागराज भण्डारी र ४६४ मत प्राप्त गर्दै भवसागर बराल निर्वाचित हुनुभएको छ। उपसभापतिका छ प्रत्यासी रहेकामा निर्दोशविक्रम पौडेलले ४०७, राजेन्द्र बरालले ३७४, कृष्णप्रसाद अधिकारिले ३६५ र शिव केसीले १७३ मत प्राप्त गर्नुभयो। दुईजना निर्वाचित हुने महानगरको सचिवमा टुवराज बाँस्तोला र गणेशबहादुर थापा विजयी हुनुभयो। बाँस्तोलाले ८४९ र थापाले ८०३ मत प्राप्त गर्नुभयो। सचिवका अर्का प्रतिस्पर्धी सुरेन्द्रबाबु तिवारीले ६१७ मत प्राप्त गर्नुभयो। सहसचिवमा ५८० मत प्राप्त गर्दै सङ्घर्ष कोइराला र ४६५ मत प्राप्त गर्दै सञ्जय आले निर्वाचित हुनुभयो। सहसचिवका छ उम्मेदवारमध्ये नरेन्द्र बाँस्तोलाले ४५८, पुष्पराज सिग्देलले २४४, रवीन कायस्थले २७८ र लक्ष्मी बाँस्तोलाले ३८६ मत प्राप्त गर्नुभयो।

## संघीयता सुदृढीकरणका लागि सघाउन इयु तयार

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र युरोपियनका तर्फबाट नेपालका लागि राजदूत नोना डेप्रेबीच आइतबार मुख्यमन्त्री कार्यालयमा औपचारिक भेटवार्ता भएको छ।

उक्त अवसरमा मुख्यमन्त्री नेपालीले युरोपियन युनियनमा आवद्ध मुलुकहरुसँगको नेपालको मित्रता र नेपालको विकासमा ती मुलुकहरुको पुऱ्याएको योगदानको स्मरण गर्दै आगामी दिनमा समेत निरन्तरता पाउने विश्वास व्यक्त गरे। २०७२ मा गोरखालाई केन्द्रबिन्दु बनाएर गएको विनाशकारी भूकम्प पश्चात्को पुनर्निमाणमा युरोपियन युनियनको सहयोग अतुलनीय रहेको मुख्यमन्त्री पोखरेलले बताए। उनले नेपालको अन्तर ाष्ट्रिय व्यापार प्रवर्द्धन र प्रतिस्पर्धात्मक क्षमता बृद्धि, विद्यालय क्षेत्र विकास योजना अन्तर्गत शिक्षा क्षेत्रको सुधार,बहुक्षेत्रीय पोषणमारहेको सहयोगले नेपालको विकासमा धेरै फड्को मारेको भनाइ राखे। उनले भने, 'दिगो विकास लक्ष्य प्राप्तिका लागि उपलब्ध गराएको सहयोग हाम्रा लागि अत्यन्त महत्वपूर्ण छन्।'

अहिलेको महामारिको बिरुद्ध विश्वलाई एकजुट बनाउन र स्वास्थ्य उपचार तथा भ्याक्सिनमा सबैको पहुँच पुऱ्याउन इयुको योगदान ठूलो रहेको भन्दै मुख्यमन्त्री नेपालीले यी सहयोगका लागि युरोपियन युनियन र त्यहाँका जनताप्रति आभार व्यक्त गरे। प्रदेश सरकार कोभिड महामारिले थला परेको आर्थिक क्षेत्रको पुनरुत्थान र शिक्षा, स्वास्थ्य र पोषणजस्ता सामाजिक क्षेत्रको पुनर्जीवनका लागि उच्च प्राथमिकताका साथ काम गरिरहेको जानकारी उनले गराए। मुख्यमन्त्री पोखरेलले यसको क्षति आँकलन र समस्यामा परेका क्षेत्रको पुनरुत्थानका लागि योजनाबद्ध रुपमा अघि बढने प्रयत्न भइरहेको बताए।

गण्डकी प्रदेशको तीनवटा अन्तर्राष्ट्रिय नाका भएता पनि अन्तर्राष्ट्रिय व्यापार विस्तार गर्न नसकिएको मुख्यमन्त्री पोखरेलले बताए। 'एकातिर व्यापार विस्तारका लागि उपयुक्त पूर्वाधार विकास गर्न बाँकी छ भने अर्कोतर्फ निर्यात योग्य वस्तुको उत्पानदमा ध्यान दिनु आवश्यक छ,' उनले भने। गण्डकी प्रदेशमा उच्च प्रतिफल दिने, प्रतिस्पर्धात्मक क्षमता भएका उच्च मूल्यका कृषि, जडिवुटी आदिको उत्पादन,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विश्व पर्यटन दिवसका अवसरमा विभिन्न देशका राजदूत पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असोज**

विश्व पर्यटन दिवसका अवसरमा गण्डकी प्रदेश सरकारको निमन्त्रणामा विभिन्न राष्ट्रका राजदूतसहित कूटनीतिक नियोगका प्रमुख आइतबार पोखरा आउनुभएको छ। उहाँहरूलाई पोखरा विमानस्थलमा गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव ज्ञानेन्द्र पौडेल, पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई लगायतले स्वागत गर्नुभयो।

कतार, युएई, फिनल्याण्ड, उत्तर कोरिया, साउदी अरेविया, श्रीलङ्का, बङ्गलादेश, जर्मनीलगायत देशका राजदूत पोखरा आउनुभएको छ। त्यसैगरी दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का महासचिवसहित अन्य कूनीतिक नियोगका प्रमुखसमेत पोखरा आउनुभएको छ।

राजदूतसहितका विशिष्ट कूटनीतिज्ञको पोखरा भ्रमणले थलिएको पर्यटन व्यवसाय माथि



उठाउन सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास लिइएको सचिव पौडेलले बताउनुभयो। विदेशी राजदूतसहित विशिष्ट कूटनीतिज्ञको पोखरा भ्रमणको कार्यक्रमले पर्यटन सम्बद्ध क्षेत्रका व्यवसायीमा उत्साह थपेको परिषद्का अध्यक्ष भट्टराईले बताउनुभयो। यो भ्रमणसँगै पोखरा पर्यटकका लागि खुला छ भन्ने सन्देश विश्वव्यापी जाने बताउँदै उहाँले स्वास्थ्यका मापदण्ड पालनाका साथ पोखरा पर्यटकका लागि सुरक्षित गन्तव्य हो भन्ने सन्देश प्रवाह गर्न खोजिएको धारणा राख्नुभयो।

राजदूतसहितको टोलीको सम्मानमा आज साँझ गण्डकी प्रदेश सरकारतर्फबाट रात्रिभोज आयोजना गरिएको छ। सोमबार कूटनीतिज्ञले पोखरा र आसपासका विभिन्न सांस्कृतिक तथा प्राकृतिक सम्पदाको भ्रमणका साथै छोटो दुरीको हाइकिङमा सहभागी हुने कार्यक्रम छ। सोमबारै पोखराको लेकसाइडमा राखिएको सडक महोत्सवमा उहाँहरू सहभागी हुने कार्यक्रम छ। विशिष्ट कूटनीतिज्ञको पोखरा आगमनले विश्व पर्यटन बजारमा पोखराको सकारात्मक सन्देश प्रवाह गर्ने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख काशीराज भण्डारीले बताउनुभयो।

"यतीका सङ्ख्यामा राजदूतसहितका कूटनीतिज्ञ पोखराको औपचारिक भ्रमणमा आउनुभएको सम्भवतः यो पहिलो पटक हो", उहाँले भन्नुभयो, "कोरोना प्रभावित पर्यटनलाई लयमा फर्काउनका लागि पनि यस भ्रमणले महत्वपूर्ण भूमिका खेल्ने छ।" भ्रमणले पोखरा एक पटक घुम्नैपर्ने गन्तव्य हो र पर्यटकलाई आतिथ्यता प्रदान गर्न यहाँका व्यवसायी तयार छन् भन्ने सन्देश पनि यस भ्रमणले दिने उहाँले बताउनुभयो।

## एमालेमा सात उपाध्यक्ष बनाउन प्रस्ताव

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असोज**

नेकपा (एमाले) को केन्दीय कमिटी बैठकले हाल कायम रहेको पदाधिकारी सङ्ख्या हेरफेरको प्रस्ताव अघि बढाएको छ। तीन दिनदेखि जारी बैठक समापनपछि बैठकको निर्णय सुनाउँदै प्रचार विभाग प्रमुख योगश भट्टराईले महासचिव, उपमहासचिव र सचिवको सङ्ख्या हाल रहेको कायम गर्दै सातजना उपाध्यक्षको विषय समूहगत छलफलमा उठेको बताउनुभयो।

उहाँका अनुसार सो विषयमा पार्टी अध्यक्ष केपी शर्मा ओली पनि सकारात्मक हुनुभएको छ। अध्यक्ष ओलीले उपाध्यक्ष बढाउँदा त्यसले कमिटीमा पार्नसक्ने प्रभाव ध्यान दिनुपर्ने बताउनुभएको थियो। यस विषयमा फेरि छलफल गरेर ठोस धारणा बनाइने उहाँले भन्नुभएको सचिव भट्टराईले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "स्थायी कमिटीमा थप छलफल हुनेछ।" विधान राष्ट्रिय सम्मेलनको तयारीका लागि बसेको बैठकले महाधिवेशनमा पेश गर्ने तीन प्रतिवेदन पारित गरेको छ। अध्यक्ष केपी शर्मा ओलीले बैठकमा पेस गर्नुभएको राजनीतिक प्रतिवेदन पास भएको छ। उहाँले नै विधान राष्ट्रिय महाधिवेशनमा सो प्रतिवेदन पेस गर्नुहुनेछ। महासचिव ईश्वर पोखरेलले सङ्गठन निर्माणसम्बन्धी प्रतिबेदन प्रस्तुत गर्नुभएको थियो। प्रतिवेदनमा समग्र समयको समीक्षा गरिएको थियो।

पार्टीका उपमहासचिव विष्णु पौडेलले विधान संशोधनसम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। यही असोज १५ गते ११ बजे गोदावरीस्थित सनराइज हलमा विधान महाधिवेशन हुनेछ। तीन दिन चल्ने महाधिवेशनमा झन्डै पाँच हजार सहभागी हुने अनुमान गरिएको छ। प्रतिनिधिको कूल सङ्ख्या आइनसकेको भए पनि पार्टीले बनाएको मापदण्डका आधारमा पाँच हजार देखिएको छ। बैठकमा पास भएका प्रतिवेदनहरूले आजको समाजको विश्लेषण गरेको प्रमुख भट्टराईले बताउनुभयो। हाल पूँजीवादी क्रान्तिपछिको समाजमा पुगेकाले अझै जनतको बहुदलीय जनवादले अघि सरेका कार्यभार बाँकी रहेको प्रतिवेदनमा उल्लेख रहेको उहाँले जानकारी दिनुभयो। जबजको अघि सारेको कार्यभार सम्पन्न गर्दै र क्रान्तिका उपलब्धि सुदृढ गर्न र समाजवादका आधार तयार गर्ने विषय उल्लेख छ। उहाँले भन्नुभयो, "आर्थिक, सांस्कृतिक र सामाजिक आधार तय गर्दै समाजवादमा अघि बढ्ने भन्ने राजनीति प्रतिवेदनको निष्कर्ष छ।"

बाँकी अन्तिम पृष्ठमा ▶▶




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# हेमजा सुइखेतमा खानेपानी सहितको भौतिक पूर्वाधार निर्माणमा सहयोगलाई निरन्तरता दिने

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असोज**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पोखरा २५ हेमजा सुइखेत क्षेत्रमा खानेपानी सहितका भौतिक संरचना निर्माणको लागि आवश्यक सहयोग गर्ने बताउनु भएको छ।

हेमजा सुइखेतको तिन खोल्से विमिरेघारी खानेपानी उपभोक्ता समितिले निर्माण गर्न लागेको पानी ट्याङ्कीकोआइतबार एक समारोहका बिच शिलन्यास गर्दै मन्त्री बरालले जनताका आधारभूत आवश्यकता अर्न्तगत पर्ने पानी उपलब्ध गराउन प्रदेश सरकारको बिषेश ध्यान जाने बताउनु भएको हो। प्रदेश सरकार र स्थानियको सहभागितामा एक करोड ५८ लाखको लागतमा एक सय घनमिटरको पानी ट्याङ्की निर्माण हुन लागेकोमा थप रकम आवश्यक भएमा रकम अभावले उक्त ट्याङ्की निर्माणको काम नरोकिने मन्त्री बरालको भनाइ छ । स्थानियहरुले विगतका बर्ष देखि माग्दै आएको सुइखेत खोला नियन्त्रण, खोला वारपार गर्ने झोलुङ्गे पुल लगायतका भौतिक संरचना र हेमजा बासीको महत्वपूर्ण कामहरु सम्पन्न गर्न आवश्यक




सहयोग तथा समन्वय गर्ने मन्त्री बरालको भनाई थियो । मन्त्री बरालले भन्नु भयो "म यहाँको जनप्रतिनिधि भएको नाताले हाल मन्त्री भएर तपाईहरु माझ आए पनि म तपाईहरुको सेवक हुँ, मेरो लागि जनता नै जर्नादन हुन्।" हाल धेरै प्रकारको घेराबन्दीबाट बच्नुपर्ने अबस्था आएको बताउदै मन्त्री बरालले अहिलेको गठबन्दन सरकारलाई उचाईमा पुराउन सकरात्मक सुझावको आवश्यकता भएको जनाउनु भयो। प्रदेशमा ५ बर्ष भित्र प्रदेशका सवै घरमा एक घर एक धारा अभियान अर्न्तगत उक्त परियोजना समयमै सम्पन्न गर्न तर्फ सवैको ध्यान केन्द्रित हुनुपर्ने उहाँको भनाई थियो।

कार्यक्रममा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङजाका प्रमुख हरिप्रसाद तिमिल्सिनाले केही रकम अभाव हुने हुदा उक्त परियोजना सम्पन्न गर्न प्रदेश सरकारले थप आर्थिक सहयोग गर्नुपर्ने माग गर्नुभयो । ८६ लाख प्रदेश सरकारको र ७१ लाख जनसहभागिता हुने गरी उक्त परियोजना निर्माण हुन लागेको उहाँले बताउनु भयो । अम्बिका मावि सहित १ भन्दा बढीघर घरमा धारा जडान गर्ने लक्ष्य राखिएको प्रमुख तिमिल्सिनाले जनाउनु भयो।

हेमजाको तीन स्थानमा हुने खानेपानी परियोजनामा करिब ४ करोड ९८ लाखको परियोजना रहेको उहाँले बताउनु भयो। पोखरा २५ का वडा अध्यक्ष शोभाखर तिमिल्सिनाले खानेपानी, विद्युत लगायतका केही कार्यालयहरुमा अझै पनि भ्रष्टचारको अड्डा भएको दाबी गरे। आफुले निष्पक्ष र पार्टी भन्दा माथि उठेर काम गर्न खोज्दा पोखरा महानगरले आफ्नो कारण हेमजा क्षेत्रमा कम बजेट विनियोजन गरी उपेक्षा गरेको उहाँले ठुकुवा गर्नु भयो । स्थानिय एवं समितिका सचिव देविप्रसाद अधिकारीले उक्त क्षेत्रमा हाल खानेपानी पाउदा ४० वर्षपछि बल्ल दशैं आएको जस्तो महशुस भएको बताउनु भयो ।लप्सीवोट खानेपानी उपभोक्ता समितिका दीपक थापाले बाटो र सुइखेत खोलाले स्थानियको उठिवास भएको गुनासो गर्नुभयो । मन्त्री बराल जस्ता नेता आवश्यक भएको उहाँको भनाई थियो।

समितिका अध्यक्ष तिलकराज अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेकपा एमाले पोखरा २५ वडा कमिटि अध्यक्ष ऋषिराम पौडेल, नेपाली कागेंस पोखरा २५ वडा कमिटि सभापति मधुसुधन त्रिपाठी, नेकपा माओबादी केन्द्र पोखरा २५ का अध्यक्ष माधवशरण पौडेल, सृजनशिल आमा समुहका सचिव गिता अधिकारी, समितिका उपाध्यक्ष निरेस अधिकारी, कार्यक्रम संयोजक रमेश अधिकारी लगायतले करिब ४ दशक पछि उक्त क्षेत्रमा खानेपानी उपलब्ध भएको खुसि व्यक्त गर्दै सुइखेत खोला व्यबस्थापन र पुल निर्माण गर्नुपर्ने माग गर्नु भएको थियो।

# विद्यार्थी बिरामी पर्न थालेपछि दुई विद्यालय बन्द

**पोखरापत्र संवाददाता**
**पर्वत, १० असोज**

धमाधम विद्यार्थी बिरामी पर्न थालेपछि कुश्मा नगरपालिका-११ पकुवाको सिल्सीमा रहेका दुई विद्यालय बन्द गरिएको छ।

स्थानीय विश्वज्योति प्राविधिक तथा व्यावसायिक मावि र रानीस्वाँरा प्रावि बन्द गरिएको हो। विगत एक सातादेखि विद्यार्थीमा ज्वरो, रुघाकोकी, टाउको दुख्ने, वान्ता हुने जस्ता लक्षण देखिएपछि विद्यालय बन्द गरिएको विश्वज्योति प्राविधिक तथा व्यावसायिक माविका प्रअ गणेश तिमिल्सिनाले जानकारी दिनुभयो।

सुरुमा कक्षा ७ का विद्यार्थी बिरामी परेका थिए। त्यसको एक सातापछि शनिबारदेखि अन्य कक्षाका विद्यार्थीसमेत बिरामी परेपछि अनिश्चितकालका लागि विद्यालय बन्द गरिएको प्रअ तिमिल्सिनाले बताउनुभयो । पकुवाकोसाविकवडानं ३ रानीस्वाँर क्षेत्रका अधिकांश विद्यार्थी बिरामी परेका छन् । बालबालिका तथा विद्यार्थी बिरामी पर्न थालेपछि स्थानीय रानीस्वाँर प्रावि पनि बन्द गरिएको छ। सुरुमा बिरामी परेका विद्यार्थी एक सातासम्म पनि निको भइनसकेका र अन्य विद्यार्थी पनि बिरामी पर्ने क्रम बढेपछि विद्यालय बन्द गर्नुको विकल्प नभएको हो । थप विद्यार्थीमा सङ्क्रमण नफैलियोस् भनेर विद्यालयमा पठनपाठन रोकिएको तिमल्सिनाको भनाइ छ।

अहिले झण्डै ५० विद्यार्थी बिरामी परेका छन् । उनीहरु सबैको पिसिआर परीक्षणका लागि स्वास्थ्यकर्मी बोलाउन पहल भइरहेको छ । वडाध्यक्ष शिवप्रसाद पौडेलले बिरामी परेका विद्यार्थीको पिसिआर वा एन्टिजेन परीक्षणका लागि स्वास्थ्यकर्मीलाई बोलाइएको बताउनुभयो। भाइरल र कोरोनाको लक्षण उस्तैउस्तै भएकाले थप सजगता अपनाउन विद्यार्थीलाई भनिएको छ। उनीहरुले स्थानीय स्वास्थ्यचौकीमा स्वास्थ्य परीक्षण गरेर औषधि सेवन गरिरहेको प्रअ तिमिल्सिनाले जानकारी दिनुभयो।

जिल्लामा यसै सातादेखि विद्यालयको भौतिक उपस्थितिमा पढाइ गरिएको छ । यही असोज १ गतेदेखि विद्यालय खुलेका हुन् । विद्यालय खुलेको केही दिनमै बिरामी परेपछि पढाइ प्रभावित बनेको प्रद्यानाध्यापक तिमिल्सिनाले बताउनुभयो । जिल्लामा कोरोना सङ्क्रमण दर भने न्यून छ। अहिले जिल्लाभरमा सक्रिय सङ्क्रमितको सङ्ख्या सात छ।

# चार गाउँपालिकामा कांग्रेस पदाधिकारी सर्वसम्मत

**पोखरापत्र संवाददाता**
**बागलुङ, १० असोज**

बागलुङका दशमध्ये चार स्थानीय तहमा भएको अधिवेशनले सबै पदाधिकारीलाई सर्वसम्मत चयन गरेको छ।

शनिबार सुरु भएको अधिवेशनमा आज बिहानसम्म निसीखोला, तमानखोला, ताराखोलारकाठेखोलागाउँपालिकामा सर्वसम्मत पदाधिकारी निर्वाचित भएको जिल्ला कोषध्यक्ष उमेश गौतमले जानकारी दिनुभयो।

बरेङ तथा बडिगाड गाउँपालिका तथा बागलुङ, गलकोट र ढोरपाटन नगरपालिकामा आज बिहानदेखि निर्वाचनका कार्यक्रम सुरु भए पनि सर्वसम्मत नेतृत्वका लागि पहल भइरहेको निर्वाचन समितिले जनाएको छ। शनिबार भएको अधिवेशनमा निसीखोला गाउँपालिकाको पार्टी सभापतिमा-६ का वडाध्यक्ष सूर्यबहादुर घर्ती निर्विरोध निर्वाचित हुनुभएको छ । निर्वाचन अधिकृत प्रेमबहादुर रोकाका अनुसार उपाध्यक्षमा लीलबहादुर कुँवर र धनबहादुर रोका, सचिवमा राजमान बुढा र धनबहादुर खत्री, सहसचिवमा मिलन कार्की र शेरबहादुर विक निर्वाचित हुनुभएको हो । तमानखोलाको सभापतिमा लीलाकुमार छन्त्याल उपसभापतिमा खिमबहादुर छन्त्याल र गोर्खबहादुर घर्ती, सचिवमा तेजेन्द्रकुमार पुन र अनिस सिर्पाली तथा सहसचिवमा लीला छन्त्याल र प्रेमबहादुर पुनमगर चयन हुनुभएको निर्वाचन अधिकृत बसन्त घर्ती मगरले जानकारी दिनुभयो । यसैगरी ताराखोला गाउँपालिकाको पार्टी सभापतिमा कमलापति पाठक, उपसभापतिमा आशिकला घर्ती मगर र श्यामभक्त कँडेल, सचिवमा खेमराज गैरे र नवराज सुवेदी, सहसचिवमा प्रेमलाल नाइसा र कमलापति सापकोटा निर्वाचित हुनुभएको छ।

काठेखोला गाउँपालिकाको पार्टी सभापतिमा यामदत्त कँडेल, उपसभापतिमा गौरीशङ्कर शर्मा र खडकबहादुर कार्की, सचिवमा देवेन्द्र खड्का र चन्द्रकुमार पुन, सहसचिवमा महेन्द्र पुन र हरिकला थापालगायत सबै पदाधिकारी सर्वसम्मत चयन भएका निर्वाचन समितिले जनाएको छ।

# ८३४ मा कोरोना संक्रमित

**पोखरापत्र संवाददाता**
**पोखरा, १० असोज**

पछिल्लो २४ घण्टामा देशभर ८३४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा देशभरका विभिन्न प्रयोगशालामा गरिएको १३ हजार ७३६ जनाको पीसीआर र एन्टिजेन परीक्षणमा उक्त सङ्ख्यामा कोरोना सङ्क्रमण पुष्टि भएको हो।

आठ हजार ५८९ जनाको पीअीसार परीक्षण गर्दा ७३० र पाँच हजार १४७ जनाको एन्टिजेन परीक्षण गर्दा १०४ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा देशभर एक हजार २७९ जना सङ्क्रमणमुक्त भएका छन् । यस अवधिमा नौ सङ्क्रमितको मृत्यु भएको छ।

देशभर १९ हजार १४२ जना सक्रिय सङ्क्रमित छन्। सत्र हजार ८१३ होम आइसोलेशनमा तथा एक हजार ३२९ जना संस्थागत आइसोलेशनमा छन् । त्यस्तै ३६८ सघन कक्षमा र १२० जना भेन्टिलेटरमा छन्।

देशभर २३० सङ्क्रमित क्वारेन्टिनमा रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घण्टामा देशभर एक लाख दुई हजार ३०१ ले कोरोना विरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ।

# एमालेमा...

बैठकले पार्टीलाई वैचारिक, राजनीतिक र सङ्गठनात्मक रूपमा एकताबद्ध र सदृढ बनाउँदै सबै कम्युनिष्ट पार्टीलाई एकताबद्ध गर्नेमा जोड दिएको भट्टराईले बताउनुभयो । संसदीय निर्वाचनलगायत निर्वाचनमा एमालेलाई सर्वोत्कृष्ट पार्टी र पहिलो पार्टी बनाउने उद्घोष गरिएको छ। संसदीय निर्वाचन, प्रदेश र स्थानीय तहको निर्वाचनमा बहुमत ल्याउने तयारीमा अघि बढ्ने छलफलमा उठेको छ । उहाँले भन्नुभयो, "यो बीचमा सङ्क्रमणकालीन समय भएकाले अब वैचारिक र राजनीतिक प्रशिक्षण चलाइनेछ।"

विधानमा आन्तरिक लोकतन्त्रलाई मजबुत बनाउने, प्रतिस्पर्धाका नाममा हुने समूहबन्दी र गुटबन्दी निरुत्साहित गर्ने उल्लेख छ । योग्यता, क्षमता र कामका आधारमा मूल्याङ्कन गर्ने र त्यसका आधारमा जिम्मेवारी दिने विषय प्रतिवेदनमा उल्लेख छ। सरकारले आर्थिक प्रतिस्थापन विधेयक विपक्षीको विरोधको बाबजुत पास गरिएकामा बैठकले आपत्ति जनाएको छ । विधेयकले स्रोत नखुलेको सम्पत्तिलाई खुल्ला गर्ने नीति लिएको भन्दै फिर्ता लिन बैठकले सरकारसँग माग गरेको छ।

महाधिवेशनमा केन्द्रीय कमिटीका सबै पदाधिकारी, सदस्य, केन्द्रीय निकायका सबै पदाधिकारी र सदस्यरु सहभागी हुनेछन्। यसमा केन्द्रीय आयोगमा अनुशासन आयोग, लेखा आयोग, निर्वाचन आयोग, केन्द्रीय सल्लाहकार मञ्च, ज्येष्ठ कम्युनिष्ट मञ्चका सबैले भाग लिनेछन्। प्रदेश कमिटीका सबै, प्रत्येक विभागबाट सचिवसहित पाँचजनाको प्रतिनिधित्व हुनेछ।

प्रत्येक घोषित जनवर्गीय सङ्गठनबाट पदाधिकारी र वरिष्ठ सदस्यबाट १० जनाले भाग लिने बताइएको छ । जिल्ला कमिटी पदाधिकारी र प्रत्येक निर्वाचन कमिटीबाट एकजना महिला अनिवार्य हुने गरी दुई र प्रत्येक जिल्लाबाट कम्तीमा एकजना दलित सदस्य भाग लिनेछन्।

प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्य, प्रदेशसभाका सदस्य, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख र पार्टीका सदस्य भएका पालिकाका प्रमुख र उपप्रमुख प्रतिनिधि हुनेछन्। पार्टी एकतामा सामेल भएकालाई सम्मानजनक प्रतिनिधित्व व्यवस्था रहेको र १० प्रतिशत केन्द्रीय कमिटीले मनोनय गर्ने बताइएको छ। पार्टीको प्रवास कमिटीहरूबाट पनि प्रतिनिधि सहभागी हुनेछन्।

# खुलेन मौसम, धवलागिरि हिमाल आरोही आधार शिविरमै रोकिए

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १० असोज**

खराब मौसम र हिमपातका कारण धवलागिरि हिमाल आरोहणमा गएका आरोहीहरू आधार शिविरमा पुगेर रोकिएका छन्।

बयासी वर्षीय स्पेनी आरोही कार्लोस सोरिया फोन्टेनसहित ४० जना आरोहीको समूह प्रतिकूल मौसमका कारण धवलागिरि हिमालको दोस्रो आधार शिविरमा पुगेर रोकिएका हुन्। विगत एक सातादेखि अनुकूल मौसमको प्रतीक्षामा आधार शिविरमा नै रोकिएको ८२ वर्षीय कार्लोसले आफ्नो फेसबुक पेजमा लेखेका छन् । कार्लोसले मनास्लु, लोत्से, सगरमाथा, अन्नपूर्ण, मकालुलगायत नेपालका आठ हजार मिटर अग्ला १२ वटा हिमालको आरोहण गरेर विश्व कीर्तिमान कायम गरेका छन्। यी सबै हिमाल उनी ६० वर्षदेखि ८२ वर्षसम्मको २२ वर्षको समयावधिमा आरोहण गरेको जनाइएको छ।

धवलागिरि हिमाल चढ्न सन् १९९८ मा पहिलो प्रयास गरेका कार्लोस दुई दशकयता ११औं पटक आरोहण गर्दा पनि धौलागिरिको शिखरमा पुग्न सक्नुभएको छैन। यो सिजनमा पूर्णिमा श्रेष्ठ, माया शेर्पा गरी चार नेपाली महिलासहित ४० जना धवलागिरि आरोहण क्रममा छन् । कार्लोस र नेपाली महिला आरोही गत भदौ २८ गते म्याग्दीको मङ्गला गाउँपालिकाको बाबियाचौरबाट हेलिकप्टरमा धवलागिरिको सबैभन्दा तलको इटली क्याम्प उत्रिनुभएको थियो । धवलागिरि पदमार्गमा पर्ने बेनी-दरबाङ सडकको मालिका-६ मा पहिरोले यातायात अवरुद्ध भएपछि पर्वतारोही र सामग्री हेलिकप्टरबाट बेसक्याम्प पुऱ्याइएको थियो । सबैभन्दा बढी उमेरका पर्वतारोहीको कीर्तिमान राख्ने अभियानमा रहनुभएका कार्लोस धवलागिरिबाहेक तीब्बतको सीसापाङ्माको चुचुरो चुम्न मात्र बाँकी छ।

# संघीयता...

प्रशोधन, प्याकेजिङ र ब्रान्डिङ गरी विश्व बजारमा पुग्न सक्ने बनाउनु थप काम गर्नु पर्ने देखिएको उनको भनाइ थियो । मुख्यमन्त्री पोखरेलले सबै विद्यालयलाई डिजिटाइज गर्ने, सामुदायिक विद्यालयको पूर्वाधार सुधार गर्ने, व्यावसायिक शिक्षा तथा तालिमका कार्यक्रहरुलाई प्रत्येक स्थानीय तहमा विस्तार गर्ने सम्बन्धमा धेरै काम गर्न बाँकी नै रहेको भनाइ राखे।

दिगो विकास लक्ष्य हासिल गर्नका लागि एकीकृत प्रादेशिक तथ्यांक तयार पार्ने, स्थानीय तहलाई सूचक तथा प्राथमिकता तय गर्न सघाउने, अनुगमनले कमजोर देखिएका क्षेत्रमा सुधारका लागि लगानी गर्नु पर्ने अवस्था रहेको उनले बताए । उनले भने, 'वातावरणीय सन्तुलन र गरिबी निवारणको साझा मुद्दा पेचिलो बन्दै गएको छ ।' भेटवार्तामा रानदूत नोना डेप्रेले नेपालको संघियिता सुदृढीकरण लगायतका क्षेत्रमा इयुले सहयोग गर्दै आएको र आगामी दिनमा समेत यसलाई निरन्तरता दिने प्रतिबद्धता जनाइन् । शासकीय सुधार, न्यायमा पहुँच, कानुनी शासन, मानव अधिकारका क्षेत्रमा समेत आफूहरुले काम गर्दै आएको स्मरण गराइन् । उनले भनिन्, 'गरिबी निवारण, वहुक्षेत्रीय पोषण कार्यक्रम हाम्रो प्राथमिकतामा छ ।' अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनमा सघाउन इयु तयार रहेको भन्दै राजदूत नोनाले हातहतियारवाहेकका सामग्रीको व्यापार बढाउन सकिने भनाइ राखिन्।

कोभिड १९ विरुद्धको अभियानमा औषधि, उपकरण सहयोग गरेको भन्दै उनले ती सहयोगको प्रभावकारिताका बारेमा इयुले अनुगमन पनि गरिरहेको बताइन्। यसका साथै शिक्षा क्षेत्रको स्तरोन्नतिका लागि पनि इयुले लगानी गरेको भन्दै प्रदेशमा के गर्न सकिन्छ भन्ने बारेमा काठमाडौं फर्केपछि छलफल गर्ने भनाए राखिन्।


भेटवार्तामा नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले, प्रमुख सचिव डा. दामोदर रेग्मी सहभागी थिए। राजदूत नोनाले आइतबार नै शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठ, योजना आयोगका उपाध्यक्ष डा. काफ्लेसँग अलगअलग भेट गरेकी छन्।


## कपालको उपचार

### कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुन मानिस तिम्रो अगाडि भुक्दछ, उसको अगाडि तिमी पनि भुक ।
- शेखसादी

## सम्पादकीय

# पोखराले पर्यटकलाई दिने सन्देश

कोरोना महामारीको कारण शिथिल बनेको पर्यटन क्षेत्रमा सुधार ल्याउन ब्यवसायिले पहल थालेका छन । नेपालमा पर्यटकका लागि सुरक्षित वातावरण बनेको सन्देश प्रबाह गर्न पोखराबाट पहल भएको छाजस्तोसुकै प्रतिकूल अवस्थामा पनि पोखरा पर्यटकका लागि सुरक्षित भएको सन्देश दिने अभियान संचालन भएका थिए । कोभिड -१९ पछि शिथिल बनेको पर्यटन क्षेत्र अब चल्न सक्छ भन्ने सन्देश विश्व पर्यटन दिवसका दिनबाट दिन थालिएको छ । विश्व पर्यटन दिवसमा सहभागी हुन १२ देशका राजदूत सहित २५ सदस्य टोली पोखरा आएको छ । पोखरा सुरक्षित र खुला छ भन्ने सन्देश दिन विश्व पर्यटन दिवसका अवसरमा गण्डकी प्रदेश सरकारको निमन्त्रणा मान्न पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्डको समन्वयमा विभिन्न देशका राजदूत र कुटनितिक नियोगका प्रतिनिधि पोखरा आएका छन।सेप्टेम्बर २७ मा मनाउने गरिएको विश्व पर्यटन दिवसको ४१ औ दिवस पोखराको लागि ऐतिहासिक हुनेछ।

अतिथि भनेका देवता सरह हुन भन्ने मान्यता छ । आइतबार दिउँसो पोखरा विमानस्थलमा विभिन्न देशका राजदूत सहितको पाहुनालाई रातो कार्पेट बिच्छ्याएर स्वागत गरिएको थियो । राजदूत सहितको टोलीलाई स्वागत गर्न गण्डकी सरकारका पर्यटन मन्त्रालयका सचिव ज्ञानेन्द्र पौडेल, नेपाल पर्यटन बोर्ड गण्डकीको प्रमुख काशीराज भण्डारी, पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपी भट्टराई, पर्यटन व्यवसायीका विभिन्न संघ संस्थाका अध्यक्ष, प्रतिनिधिले स्वागत गरेका थिए । पर्यटन दिवसमा सहभागी हुन जर्मन, फिनल्याण्ड, कतार, युएई, दक्षिण कोरिया, उत्तर कोरिया, साउदी अरब, श्रीलंका, थाइल्याण्ड, बंगलादेश, इजिप्ट, मलेशियाका राजदूत पोखरा आएका छन। यसै गरी सार्क सचिवालय, इसिमोड, युएन, युएनएड, युनेस्को, डब्लुएफपी लगायतका प्रतिनिधि पोखरा आएका छन् ।

दुई दिने पोखरा बसाईका क्रममा पोखराका पर्यटकीय क्षेत्रको भ्रमण र कास्कीकोटमा रहेको अपाङ्गता मैत्री पदयात्रा मार्ग हुँदै हाइकिङ गर्ने कार्यक्रम रहेको छ । कास्कीकोट शाहवंशीय राजा कुलमण्डन शाहले शासन गरेको ठाउँ हो । यसैले पनि यस क्षेत्रका हाइकिङ ऐतिहासिक छ । कुलमण्डनलाई नेपालमा शाह वंशको पहिलो राजा मानिन्छ । नेपालका हिमाल मात्रै होइन ऐतिहासिक र साँस्कृतिक महत्त्वका स्थान पनि पर्यटकका रोजाइ हुने गरेका छन । विश्व पर्यटन दिवसकै अवसरमा पोखरा आउने पर्यटकलाई स्वागत गर्ने, पोखराका महत्त्वपूर्ण स्थानको अवलोकन गराउने र साँस्कृतिक कार्यक्रम गरेर मनोरञ्जन दिलाउने परम्परा बनेको छ । सोमबार साँझ फेवाताल किनारमा सडक महोत्सव हुने कार्यक्रम छ। रेष्टुरेण्ट एण्ड बार एशोसिएसन (रेवान) पोखराको आयोजनामा हुने मिनि सडक महोत्सव साँझ ५ बजे देखि १० बसेसम्म लेकासाइडमा हुने छ। महोत्सवमा नेपाली परम्परागत संस्कृतिक कार्यक्रमको साथै विभिन्न स्वदेशी तथा विदेशी खानाको परिकारको स्वाद लिन पाइने व्यवस्था मिलाइएको छ।

राजदूत लगायत भ्रमण टोलीका सदस्यले गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपालीसँग भेट वार्ता गर्नुको साथै स्वागतमा आइतबार रात्रिभोजको आयोजना गरिएको छ । कोभिड–१९ को कारण १८ महिनादेखि थला परेको पर्यटन उद्योग अझै लयमा फर्कन सकेको छैन । कोरोनाको दोस्रो लहर संक्रमण दर कम हुँदै गएपछि असोज १ गतेदेखि पोखरामा निषेधाज्ञा हटाइए पनि पर्यटन उद्योगको अवस्था उस्तै छ। आन्तरिक पर्यटक घुमघाममा निस्कने क्रम सुरु भएको छ। पछिल्ला दिनमा आन्तरिक पर्यटन प्रबर्द्धनमा सघाउ हुने कार्यक्रमले पनिउ पोखरा सुरक्षित छ भन्ने सन्देश दिएको छ।

लामो समयदेखि ठप्प रहेको पर्यटन उद्योगलाई चलयमान बनाउन र गति दिनका लागि राजदूत लगायत कुटनितीक नियोगका प्रतिनिधिलाई पोखरामा बोलाएर गतिलो पहल गरेको छ । यो भ्रमणले पोखरा खुला र सुरक्षित छ भन्ने सन्देश दिनेछ।सरकारले खोपको मात्रा पूरा गरेका विदेशी पर्यटकले ७२ घण्टाभित्रको पीसीआरा रिपोर्ट बोकेर आए अनअराइभल भिसा प्राप्त गर्न सक्ने निणर्य गरेको छ। यो निर्णयले व्यवसायी उत्साहित छन् । सरकारले वातावरण बनाइदिए ब्यवसायिले राहत पाउने र नेपाल पर्यटकको लागि घुम्नै पर्ने ठाउँ हो भन्नेमा सन्देश जानेछ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शारीरिक झमेला |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : शत्रुको भय | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# प्राइम सहकारीको साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, १० असोज




प्राइम सहकारी संस्था लिमिटेडको १२ औं साधारण सभातथा तेश्रो अधिबेशनको शुभारम्भ समारोह सम्पन्न भएको छ। आइतबार भएको कार्यक्रममा उत्कृष्ट शेयर सदस्यहरुलाई सम्मान गरिएको थियो ।

सहकारीले उत्कृष्ट सञ्चालक सदस्य बाबुलाल पाण्डे, उत्कृष्ट महिला सदस्य बिष्णुमाया भाशिमा, उत्कृष्ट बचत कर्ता सदस्य प्रदीपकोइराला, उत्कृष्ट सदस्य विनोद भण्डारीलाई सम्मान गरेको हो । सम्मानित व्यक्तिहरुलाई कार्यक्रमका प्रमुख अतिथी सहकारी रजिष्ट्रारको कार्यलय गण्डकी प्रदेशका रजिष्ट्रार उदय बहादुर पराजुली र सहकारीका अध्यक्ष निदेश प्रसाद कोइरालाले दोसल्ला, माला र प्रमाणपत्रले सम्मान गर्नुभएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथी सहकारी रजिष्ट्रारको कार्यलय गण्डकी प्रदेशका रजिष्ट्रार उदयबहादुरपराजुलीलेसहकारीले क्षेत्रहरुपहिचानगरि उत्पादनमुलक क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभयो । गजलकार एवम संस्थाका सल्लाहकार दिलिप श्रेष्ठले प्राइम सहकारी आरोह अवरोह विचमापनि अगाडी बढेको स्मरण गराउनुभयो । सहकारीका अध्यक्ष निदेश प्रसाद कोइरालाले सहकारीले नाफामुलक ढंगले मात्र नहेरी सामाजिक उत्तरदायित्वका कामहरु पनि गर्ने गरेको बताउनुभयो।

कार्यक्रममा संस्थाका सल्लाहकार उपेन्द्र पौडेल, राष्ट्रिय सहकारी बैंक पोखरा शाखाका प्रमुख नरेश पाण्डे, पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पवन प्रजापति लगायतले बोल्न भएको थियो । कोरोनाका कारण भौतिक उपस्थितीलाई मध्यनजर गर्दै साधारण सभा अर्न्तगत शेयर सदस्यहरुले सुझाव तथा हस्ताक्षर संकलन संस्थाको लेखनाथ र बगर सेवा केन्द्रसंगै गैह्रापाटनमा समेत अशोज १५ गतेसम्म जारी रहने संस्थाका शाखा प्रमुख सुनिल थापाले जानकारी दिनुभयो ।

सहकारीका अध्यक्ष निदेश प्रसादकोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा कोभिडका कारण निधनभएका संस्थाका शेयर सदस्यहरुको सम्झनामा मौन धारण गरिएको थियो । कार्यक्रममा स्वागत संस्थाका उपाध्यक्ष शंकर कार्कीले गर्नुभएको थियो भने सहकारी को सिद्धान्त संस्थाका व्यवस्थापक निरु थापाले बाचन गर्नुभएको थियो ।

# खुल्यो मुक्तिनाथ मन्दिर

पोखरापत्र संवाददाता
म्याग्दी, १० असोज

मुस्ताङस्थित हिन्दू र बौद्ध धर्मावलम्बीको पवित्र तीर्थस्थल प्रसिद्ध मुक्तिनाथ मन्दिर आजदेखि खुला गरिएको छ।

जिल्ला प्रशासन कार्यालय मुस्ताङमा यही असोज ५ गते बसेको कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र सुरक्षा समितिको बैठकले मुक्तिनाथ मन्दिर खुलाउने निर्णय गरेको थियो । मन्दिर गत वैशाख महिनादेखि बन्द गरिइएको थियो ।

मुक्तिनाथ विकास समितिका अध्यक्षसमेत रहनुभएका प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले मापदण्ड तोकेर बाहिरी जिल्लाका तीर्थयात्री र भक्तजनका लागि मुक्तिनाथ मन्दिरमा पूजाआजा खुलाइएको जानकारी दिनुभयो । "स्वदेशीका लागि पिसीआर, एन्टिजेन परीक्षणको रिपोर्ट वा कोरोनाविरुद्धको खोप लगाएकोमध्य कुनै एक प्रमाणको आधारमा मुक्तिनाथमा प्रवेश दिने निर्णय भएको छ", उहाँले भन्नुभयो, "विदेशीका लागि सात दिनभित्रको पिसीआर रिपोर्ट अनिवार्य गरिएको छ ।" बडादशैंको सोह्रश्रद्धामा कागबेनीमा पिण्डदान र मुक्तिनाथ दर्शन गर्ने भक्तजन आउने गर्छन् । कोरोना सङ्क्रमण फैलिएपछि २०७८ वैशाख तेस्रो सातादेखि मुस्ताङमा गरिएको निषेधाज्ञा पाँच महिनापछि गत भदौ २३ गतेदेखि खुलाइएको थियो । अठार वर्षमाथिका सबै नागरिकले कोरोनाविरुद्धको खोप लगाएको र सङ्क्रमणदर न्यून रहेकाले जनजीवनलाई सहज बनाउन निषेधाज्ञा हटाएको प्रशासनलाई विश्वप्रसिद्ध मुक्तिनाथ मन्दिरमा पनि खुलाउन दबाब परेको थियो । निषेधाज्ञा र मुक्तिनाथ खुलेसँगै निषेधाज्ञाले थला परेको मुस्ताङका होटल र पर्यटन व्यवसाय चलायमान, जनजीवन सहज र विकास निर्माणले गति लिने अपेक्षा गरिएको छ । मुक्तिनाथ र पर्यटकीयस्थल खुलाएपछि सडक र हवाईमार्ग भएर मुस्ताङ जानेहरूको चहलपहल बढेको छ । कोरानाका कारण मुक्तिनाथ मन्दिर नजिकैको रानीपौवाका सातसहित मुस्ताङमा १५ जनाले ज्यान गुमाएका छन् ।

समुद्री सतहदेखि तीन हजार ७१० मिटरको उचाइमा रहेको मुक्तिनाथलाई हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मानिन्छ । शालिग्राम भगवान्को लागि प्रशिद्ध मुक्तिनाथ दर्शन गरेमा मोक्ष प्राप्त हुने विश्वास छ । शालिग्राम शिलालाई भगवान् विष्णुको रुप मानेर पूजा गरिन्छ।

यसै ठाउँको बाटो भएर बौद्ध भिक्षु पद्मसम्भव बौद्ध धर्मको प्रचारका लागि तिब्बत गएकाले यसलाई बौद्ध धर्मावलम्बीहरूको पनि तीर्थस्थल मानिन्छ । १०८ धारामा स्नान र मुक्तिनाथ मन्दिरमा पूजाआजा तथा दर्शन गर्ने चलन छ। मन्दिर परिसरमा गुम्बा पनि छ।

# पीसीआर प्रयोगशाला सञ्चालनपछि तीन जिल्लाबासी लाभान्वित हुँदै

पोखरापत्र संवाददाता
तनहुँ, १० असोज

व्यास नगरपालिकाले वडा नं १० स्थित दुम्सीचौरमा पीसीआर प्रयोगशाला सञ्चालनमा ल्याइएपछि तनहुँ र छिमेकीसहित तीन जिल्लाका बासिन्दा लाभान्वित हुने भएका छन् ।

कोभिड-१९ पीसीआर प्रयोगशाला नहुँदा स्वाब सङ्कलन गरी पोखरा पठाएको रिपोर्ट आउन ढिलाइ भएपछि जिल्लामै प्रयोगशाला सञ्चालनमा ल्याइएको हो । पीसीआर प्रयोगशाला सञ्चालनमा ल्याइएसँगै तनहुँ, गोरखा र लमजुङका बासिन्दासमेत प्रत्यक्ष लाभान्वित हुने नगरपालिकाले जनाएको छ।

उक्त प्रयोगशाला रु एक करोड ३२ लाख १५ हजार २६८ लागतमा सञ्चालनमा ल्याइएको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो । उहाँका अनुसार कोभिड अस्पताल निर्माणका लागि नगरपालिकाले रु एक करोड ५४ लाखको बोलपत्र प्रकाशितसमेत गरिसकेको छ । प्रयोगशाला सञ्चालन ल्याएकै स्थानमा रु ५० करोडको लागतमा प्रदेशस्तरीय अस्पताल निर्माणका लागि प्रक्रिया अघि बढाइएको नगरपालिका कार्यालयले जनाएको छ । पीसीआर ल्याब सञ्चालनमा ल्याइएसँगै तनहुँ, लमजुङ र गोरखा गरी तीन जिल्लाका जनताको पीसीआर परीक्षणका लागि पोखरा तथा चितवन जानुपर्ने बाध्यता हटेको वडा नं १० का वडाध्यक्ष तुलसीराम सापकोटाले जानकारी दिनुभयो । पच्चीस/पच्चीस शय्याको अस्पताल निर्माण गर्ने योजनाअनुरुप उक्त क्षेत्रको करिब २८ रोपनी जग्गा स्थानीयले उपलब्ध गराएपछि ल्याब सञ्चालन गर्ने कार्य अघि बढेको वडाध्यक्ष सापकोटाले जानकारी दिनुभयो।

पीसीआर ल्याब सञ्चालनका लागि सम्पूर्ण मापदण्ड पूरा भएपछि प्रदेश जनस्वास्थ्य प्रयोगशालाले स्वाब परीक्षणका लागि अनुमति प्रदान पाएसँगै सञ्चालनमा ल्याइएको हो। दुम्सीमा आधारभूत स्वास्थ्य केन्द्रलाई विस्तार गरी नगर कोभिड अस्पतालमा प्रयोगशाला सञ्चालनमा ल्याइएको हो । प्रयोगशालाबाट एकपटकमा ९६ जनाको स्वाब परीक्षण गर्न सकिने र त्यसको नतिजा साढे दुई घण्टामै प्राप्त हुने नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो।

# तनहुँका आठ पालिकामा नेतृत्व चयन

पोखरापत्र संवाददाता
दमौली, १० असोज

जिल्लाको आठ पालिकामा नयाँ नेतृत्व चयन भएको छ। शनिबार सम्पन्न अधिवेशनअन्तर्गत जिल्लाका तीन नगरपालिका र पाँच गाउँपालिकामा नयाँ नेतृत्व चयन भएको हो । दुई पालिकामा भिमाद नगरपालिका र ऋषिङ गाउँपालिकामा भने अधिवेशन स्थगन भएको छ।

व्यास, भानु, शुक्लागण्डकी नगरपालिका सहित आँबुखैरेनी, बन्दीपुर ।, देवघाट, घिरिङ र म्याग्दे गाउँपालिकामा नयाँ नेतृत्व चयन भएको हो भने त्यसमध्ये शुक्लागण्डकी नगरपालिका, देवघाट र घिरिङ गाउँपालिकाको सभापति भने सर्वसम्मत चयन भएका हुन् । व्यासमा सूर्यचन्द्र हड्खले, भानु नगरापलिकामा रामकुमार श्रेष्ठ तथा बन्दीपुरमा कर्ण खत्री, म्याग्देमा रामभक्त घिमिरे र आँबुखैरेनी गाउँपालिकाको सभापतिमा विष्णु पन्थ निर्वाचित हुनुभएको छ । यसैगरी देवघाटमा तिलबहादुर थापा, घिरिङ गाउँपालिकामा यामबहादुर थापा शुक्लागण्डकी नगरपालिकाको सभापतिमा गोपीबहादुर गुरुङ सर्वसम्मत निर्वाचित हुनुभएको छ।

# बिउ जोगाउने अभियान

पोखरापत्र संवाददाता
बागलुङ, १० असोज

स्थानीय तहको निर्वाचनपछि कृषि विकास कार्यालय खारेजीमा पर्दा लोप हुन लागेका खाद्यबालीको बिउ जोगाउन कृषि ज्ञान केन्द्रले अभियान थालेको छ।

किसानले हरेक वर्ष घरमै उत्पादन गरेको बिउ राख्दा उत्पादन घट्दै गएको थियो । विशेषगरी धान खेतीको बिउ घरायसीरुपमा राख्दा उत्पादन घटेकामा यो वर्षदेखि बढाउने काम थालिएको केन्द्र प्रमुख भानुभक्त भट्टराईले बताउनुभयो । "एउटै बिउबाट हरेक वर्ष उत्पादन लिने र फेरि त्यही बिउ प्रयोग गर्दा उत्पादन घट्ने गर्छ", भट्टराइले भन्नुभयो, "किसानलाई यो कुरा बुझाइदिने कोही थिएन, अहिलेमात्रै हामीले बुझाएर बिउ नयाँ वितरण गरेका छौं ।" बागलुङमा २०७२ सालपछि नयाँ प्रजातिको धानको बिउ वितरण भएको थिएन । चालू वर्ष भने किसानलाई कृषि अनुसन्धान केन्द्र लुम्लेमा उत्पादित बिउ ल्याएर वितरण गरिएको उहाँले बताउनुभयो । लगातार धेरै वर्षसम्म एउटै बिउ प्रयोग गर्दा धानको पराल छोटो हुने, उत्पादन घट्ने लगायतको समस्या हुने गरेको भट्टराईको भनाइ छ । बागलुङमा राधा ७ र राधा ९, पोखरेली तथा जेठो बुढो धान बढी लगाइने गरिएको छ । बेँसी क्षेत्रमा राधा ४ र सावित्री धान पनि लगाइने गरिएको छ। कृषि ज्ञान केन्द्रको तथ्याङ्कअनुसार बागलुङमा २२ हजार ५०० मेट्रिकटन धान फल्ने अनुमान छ। यसअघिको तुलनामा चालू वर्ष अझै बढ्ने उहाँले बताउनुभयो । वर्षात्ले धानका लागि समय अनुकूल भएको हो । त्यस्तै किसानको आफ्नै पहलमा उत्पादन भइरहेको मूलाको बिउलाई अझै बढाउने र बजारीकरणमा पनि कार्यालयले काम थालेको छ। जैमिनी नगरपालिकामा मूलाको बिउ उत्पादन हुन्छ । चालू वर्ष आलुखेतीसमेत बढाउन पहल भएको सूचना अधिकारी कुमार पुनले बताउनुभयो । बागलुङको ताराखोलामा उत्पादन बढे पनि मौसमी समस्याले आलु कुहिएको थियो । कार्यालयले ड्याङ बनाएर मात्रै आलु उत्पादन गर्न सुझाव पनि दिएको छ।

साथै एक वर्षमा बागलुङमा २१० मेट्रिकटन आलु फलेको छ । त्यसका लीगि तीन हजार केजी आलु लगाइएको थियो । कृषि ज्ञान केन्द्र बागलुङको आलु प्रवर्द्धनात्मक कार्यक्रममार्फत उक्त उपलब्धि भएको हो। कृषि ज्ञान केन्द्र बागलुङले आर्थिक वर्ष २०७७/०७८ का कार्यक्रममा ८० देखि ९० प्रतिशतसम्म उपलब्धिको दाबी गरेको छ।

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो ।
इन्द्रै विन्ति गरुन्, झुकेर पदमा, त्यो विन्ति मान्दै त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. १९८१/१०/१० गते

स्वर्गारोहणः
वि.स. २०७८/०५/३० गते

**स्वः लीलावती सिग्देल**

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १३ सिग्देलग्राम स्थित पृथ्वीधर सिग्देल समाजको जेष्ठ सदस्य धार्मिक तथा सामाजिक व्यक्तित्व **लीलावती सिग्देल** को ९७ वर्षको उमेरमा भएको देहावसानले यो समाज स्तव्ध एवं मर्माहत भएको छ । यस दुःखको घडीमा दिवंगत आत्माले ब्रम्ह्तत्वको प्राप्ती गरोस् भन्ने अपेक्षाका साथै आज १३ औं दिनको पुण्य तिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै उहाँको छोरा समाजका संस्थापक अध्यक्ष,पूर्व सु.ई. श्री कृष्णकान्त सिग्देल बुहारीहरु बिमला/मिरा सिग्देल नाति अभयकान्त सिग्देल लगायत सम्पूर्ण परिवारजनमा यो दुःखद बहन गर्न सक्ने शक्ति सामर्थ्य तथा सहनशिलता परमपिता परमेश्वरबाट प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**गोबिन्द प्रसाद सिग्देल**
**अध्यक्ष तथा**
**पृथ्वीधर सिग्देल समाज**
**पोखरा-१३, सिग्देलग्राम, कास्की**

# तरकारी खेती : दुःख किसानलाई नाफा बिचौलियालाई !

- खेमराज गौतम

**बागलुङ, १० असोज (रासस)**

उसै त कोरोनाले थलिएको व्यापार, कृषि उपजले बजार भाउ नपाएको किसानको गुनासो त छँदैछ, यसमाथि बिचौलियाको मनोमानीले आहत छन् कृषक । किसानले निकै मेहेनत लगाएर फलाएको तरकारी बेचेर किसानले कमाउनेभन्दा बिचौलियाले धेरै कमाउँदा किसान सधैँ मारमा पर्ने गरेको बागलुङका तरकारी तथा फलफूल किसान बताउँछन् ।

यही चरम पीडाका बीच बिचौलियाको अन्त्य गर्ने तयारीमा किसान एकजुट हुन थालेका छन् । बागलुङ नगरपालिकाले गत वर्ष कृषि हाटबजार सञ्चालनमा ल्याए पनि उपयुक्त स्थानमा नहुँदा निरन्तरता पाउन सकेको छैन । यसमा कोरोनाले पनि थप समस्या निम्त्याएको थियो । पायक पर्ने स्थानमा हाटबजार नहुँदा किसान बिचौलियाको मारमा पर्दै आएको तरकारी किसान गोपाल पौडेल बताउनुहुन्छ । "हामीले एक महिना लगाएर उत्पादन गरेको तरकारीमा जति नाफा हुन्छ, बिचौलियाले दुःख नै नगरी एकैदिनमा कमाउँछन्", उहाँले भन्नुभयो, "बिचौलियाको अन्त्य गर्न कृषि हाटबजारको खाँचो छ, नगरपालिकाले पायक पर्ने स्थानमा हाटबजार राख्नुपर्दछ, जुन स्थानमा उपभोक्ताले सोझै किसानको उपज खरिद गर्न पाउनेछन् ।"

बागलुङ बजारमा कृषि हाट तथा थोकबजार सञ्चालनका लागि नगरपालिकाले रु १५ लाखको लागतमा बागलुङ -३ गुठीमा छाप्रो बनाए पनि उपयुक्त स्थान नभएको किसानको गुनासो छ । अन्य वस्तुको मूल्य निर्धारण भए पनि तरकारीको मूल्य निर्धारण नभएकाले हामीजस्ता किसान सधैँ मारमा पर्ने काठेखोला गाउँपालिका-८ कादेशका किसान चान्सिङ बुढाले बताउनुभयो । "मूल्य निर्धारण हुँदा पसलैपिच्छे फरक मूल्य हुन्छ, बिचौलियाले तरकारीमा विभिन्न बाहनाबाजी बनाउँदै मूल्य घटाएर राख्छ, अन्ततः उसले महङ्गोमा बिक्री गर्दछ", उहाँले भन्नुभयो, "एउटै मूल्य निर्धारण भएमा हामीले जहाँ लगेर पनि उचित मूल्य लिन सकिन्थ्यो, बिचौलियाका कारण हामीले दुःख गर्ने, अरुले नाफा कमाउने भइरहेको छ ।"

व्यवसायीले आफूहरूले हजारौँ मूल्य पर्ने सटरमा पसल राखेर सरकारलाई कर तिर्ने गरे पनि डोके व्यवसायीले चोकचोकमा पसल राखेर सरकारलाई कर पनि नबुझाइ बिक्री गर्दा मूल्यमा फरक पर्ने भएकाले नगरपालिका र सम्बन्धित निकायले त्यसको समाधान गरिदिनुपर्ने बागलुङ बजारका फलफूल तथा तरकारी व्यापारी बताउँछन् । कोरोना महामारीका कारण थपा परेको कृषि पेशा तथा व्यापारमा राज्यपक्षबाट थप कर असुली तथा विभिन्न बाहनामा कारबाही गर्दै आएको तर बजारका फुटपाथ तथा पोके व्यापारीलाई नगरपालिकाले करको दायरामा ल्याउन नसक्नु दुःखद् भएको बागलुङ बजारका फलफूल व्यवसायी खिम केसीले बताउनुभयो ।

अहिले जिल्ला कृषि ज्ञान केन्द्र आएपछि जिल्ला कृषि सहकारी सङ्घ र बागलुङ नगरपालिकाको सहयोगमा कृषि हाट तथा थोकबजार सञ्चालन गर्ने गरी शनिबारमात्रै समितिसमेत गठन भएको छ । यसबाट किसानको गुनासो सम्बोधन हुने कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराई बताउनुहुन्छ । "हामीले अगुवा किसान तथा कृषि सहकारी सङ्घका अध्यक्ष नरबहादुर थापाको अध्यक्षतामा कृषि हाटबजार सञ्चालक समिति गठन गरेका छौँ" उहाँले भन्नुभयो, "बिचौलियाको अन्त्य गर्न अन्य जिल्लामा सञ्चालित हाटबजार सफल भएको र नेपालका ६७ जिल्लामा हाटबजार सफल भइसकेको छ, त्यसैले बागलुङमा छिट्टै हाटबजार खोल्नेछौँ, यो बिचौलियारहित हुनेछ ।"

कृषि ज्ञान केन्द्रका प्रमुख भट्टराईले हाट तथा थोकबजार सञ्चालनका लागि सरकारले बनाएको निर्देशिकाअनुसार समिति गठन र बजार सञ्चालनका लागि केन्द्रीय सरकार र प्रदेश सरकारले कृषि हाट तथा थोक बजार सञ्चालनमा बनाएको निर्देशिकाअन्तर्गत हाटबजार सञ्चालन ल्याउने तयारी भएको जानकारीदिनुभयो । उहाँले काठेखोला, ढोरपाटन, सिगानालगायतका स्थानमा स्थानीय तहले हाटबजारका लागि संरचना तयार पारे पनि सञ्चालनमा नआएको बताउनुभयो । प्रत्येक पालिकामा हाटबजार सञ्चालनमा ल्याउन सकेमा किसान र उपभोक्ता दुवैलाई फाइदा पुग्ने उहाँको भनाइ छ ।

बागलुङ नगरप्रमुख जनकराज पौडेलले गत वर्ष सञ्चालन गर्न थालिएको हाटबजार कोरोनाका कारण रोकिएको र अब थप व्यवस्थित हिसाबले हाटबजार पुनः सञ्चालनमा ल्याइने जानकारीदिनुभयो ।

# क्लव हाउस मार्फत संकलित रकम हस्तान्तरण

**पोखरापत्र संवाददाता**

**पोखरा, १० असोज**

क्लव हाउस मार्फत संकलित रकम छुट्टा-छुट्टै कार्यक्रमगरि उस्मान अलि फाउण्डेसन र एक मृर्गौल पिडितलाई हस्तान्त्रण गरिएको छ ।

आइतबार एक कार्यक्रमका विच क्लव हाउसमा आवद्ध प्रयोगकर्ताहरुबाट संकलित रकम तनहुँको शुक्लागण्डकी-५ गल्छीनाकी मृर्गौला पिडित अनिता सुबेदी र उस्मान अलि फाउण्डेसनलाई हस्तान्तरण गरिएको हो । तनहुँकी अमिसा घिमिरे लगायतले क्लव हाउसमार्फत उस्मान अलिको सहयोगार्थ संकलित एक लाख ३ हजार रुपैयाँबाट फाउण्डेसनलाई पचास हजार र विगत ४ वर्षदेखि मृर्गौला सम्बन्धी समस्याभई नियमित डायलिस गरिरहेकी सुबेदीलाई ५३ हजार रुपैयाँ सहयोग स्वरुप हस्तान्त्रण गरिएको घिमिरेले जानकारी दिइन् ।



स्पाइनल मस्कुलर एट्रोफिएसएमए टाइप वान (नसासम्बन्धी जटिल समस्याका) कारण ग्रसित उस्मान अलिको उपाचार्थ क्लव हाउसमा थालिएको अभियानमा संकलनभएको रकम उस्मान अलि फाउण्डेसन र सुबेदीलाई हस्तान्त्रण गरिएको हो । ३ महिनाबाट स्वास्थ्यमा गम्भीर समस्याआई ९ महिनाको उमेरमा उस्मानको गत भदौ २६ गते उपचारकाक्रममा निधन भएको थियो ।

जटिल प्रकारको रोगका कारण निधन भएका उस्मानको स्मृतिमा उनको परिवारले उस्मान अलि प्रतिष्ठान स्थापना गरेका छन् । उक्त रकम फाउण्डेसनका सह-सचिव समिउल्लामियालाई अभियानका तर्फबाट घिमिरे सहित रमेश अधिकारी, लक्ष्मण पौडेल, लक्ष्मीपौडेल, बन्दना खनाल, प्रमिस श्रेष्ठ लगायतको समूहले हस्तान्त्रण गरेकाहुन् । घिमिरेले भनिन्, 'उस्मान अलिबाबुको उपाचारार्थ हामीले क्लव हाउसबाट संकलन गरेको रकम फाउण्डेसन र मृर्गौलासम्बन्धी समस्या भई उपचार अभावमा बस्न बाध्य हुनुभएको अनिता सुबेदीलाई उपचारमा थोरै भएपनि सहयोग पुगोस् भन्ने उद्देश्यले उहाँहरुलाई सहयोग गरेकाहौं।' उनलेयो अभियानमासहयोग गर्ने सबैप्रति कृज्ञाता समेत व्यक्त गरिन्। सहयोग रकम ग्रहण गर्दै प्रतिष्ठानका सह-सचिवमियाले उस्मानको स्मृतिमा स्थापनाभएको प्रतिष्ठानले आर्थिक अभावकै कारण उपचार अभावमा अकाल मृत्युवरण गर्न बाध्यविरामीहरुको सहयोगका लागि पहल गर्ने उद्देश्य राखेको बताए । उनले क्लवहाउस लगायत समाजिक सञ्जालमार्फत जोडिएर सहयोग गर्ने सहयोगीहरुलाई धन्यवाद० यक्त गर्दै आगामी दिनमा फाउण्डेसन सबैसंग सहकार्य गर्दै अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गरे । यस्तै विगत ४ वर्षदेखि मृर्गौलामा समस्याआई नियमित डायलिस गर्दै आएकी सोही स्थानकी अनिता सुबेदीलाई पनि सो टोलीले सहयोग गरेको क्लव हाउसको हाम्रो घर समूहका ग्रुप क्रियटर रमेश अधिकारीले बताए । उनले भने, 'समाजिक सञ्जालमार्फत जोडिएर सेवाको क्षेत्रमा सहयोग गर्न पाउनु ठूलो कुरा हो हामीले गरेको सानो सहयोगलेनै कसैको जीवनजोगाउन सकिन्छ भने त्यो भन्दा पूण्यको काम अरु हुँदैन् ।'

पारिवारीक अवस्था निकै कमजोर भएकी सुबेदीले उक्त सहयोगबाट एक महिनाको उपचार खर्चको जोहो भएको बताइन् । उनले भनिन्, 'मलाई नियमित डायलिस गराउन पर्छ, भएको जायजेथा बेचेर उपचार गरियो, अहिले सबै सकियो ।' 'रुदै भनिन् अलिअलि आमाले गर्नुहुन्थ्यो आमा पनि नसा सम्बन्धी समस्याले थला पर्नु भयो ।' भाइ पनि अपाङ्ग छ, घरमा आर्जन गर्ने कोही छैन भएका आफन्त पनि टाढिए, केहीबोल्दैन्, अहिले आफ्न्त पर्नेको घरमा बस्दै आएका छौं ।'

उमेरले भर्खर ३१ वर्ष टेक्दै गरेकी सुबेदीले उपचारकालागि सहयोगको याचना गर्र्दै रोगमुक्तभई पूरानै दैनिकीमाफर्किन मन लागेको सुनाइन् ।

# स्याङ्जाका नौ पालिकामा निर्वाचन सम्पन्न

**पोखरापत्र संवाददाता**

**वालिङ, १० असोज**

स्याङ्जाका नौ पालिकामा निर्वाचन सम्पन्न भएको छ । एघार पालिका रहेको जिल्लामा सहमति र निर्वाचन प्रक्रियामार्फत नेतृत्व टुङ्गिएको हो भने दुई वटामा बाँकी छ । स्याङ्जाका भीरकोट, पुतलीबजार, चापाकोट, गल्याङ नगरपालिकासहित आँधीखोला, फेदीखोला, अर्जुनचौपारी, बिरुवा, हरिनास गाउँपालिकामा निर्वाचन सकिएको हो ।

सहमतिका लागि वालिङ नगरपालिका र कालीगण्डकी गाउँपालिकामा नतिजा आउन सकिरहेको छैन । यी दुई पालिकामा आज निर्वाचन गर्ने तालिका निर्वाचन समितिले सार्वजनिक गरेको छ । जिल्लाको भिरकोटमा यामप्रसाद अधिकारी, गल्याङमा श्यामप्रसाद बस्याल, पुतलीबजारमा सुरजकुमार अधिकारी र चापाकोट नगरपालिकामा बिक्रम सारु नगर सभापतिमा निर्वाचित हुनुभएको छ । बिरुवामा डोलराज पोखेल, हरिनासमा टोपबहादुर भुजेल, अर्जुनचौपारीमा विष्णु काफ्ले, फेदीखोलामा महेन्द्र थापा, आँधीखोला गाउँपालिकामा नरेन्द्र पौडेल सभापतिमा निर्वाचित हुनुभएको छ । स्याङ्जाको वालिङ नगरपालिकामा सहमति जुटाउनका लागि गरिएको प्रयास सफल नभएपछि आइतबार बिहानबाट मतदान प्रक्रिया सुरु हुने भएको छ । सभापति पदमा नेत्रप्रसाद पाण्डे र भूपराज बगाले चुनावी मैदानमा हुनुहुन्छ । कालीगण्डकी गाउँपालिकामा पनि सहमतिको प्रयास सफल नभएपछि निर्वाचन हुने भएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. स. १९८१/१०/१० गते**

**स्वः लीलावती सिग्देल**

**स्वर्गारोहणः**
**वि.स. २०७८/०५/३० गते**

हाम्री प्रात स्मरणीय ममतामयी आमा/हजुरआमा **लीलावती सिग्देल** को ९७ वर्षको उमेरमा असामयीक एवं अकल्पनीय स्वर्गारोहणले हामी मर्माहत एवं स्तब्ध भएका छौं । उहाँ ब्रह्मलीन हुनु भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोरा/बुहारीः**
कृष्णकान्त सिग्देल
विमला सिग्देल
मिरा सिग्देल

**नाती/ नातिनी बुहारीः**
अभयकान्त सिग्देल/ रिता सिग्देल

**नातिनी/ नातिनी ज्वाइँः**
रस्सा पराजुली/ गोपालभूषण पराजुली
रमा पहारी/ महेश्वर पहारी
रचना घिमिरे / रमण घिमिरे

**पनातिनी/ पनातिनी ज्वाइँ**
रहेशा पहारी (बराल)/ योगेश बराल

**पनाति/ पनातिनीः**
अनन्यभूषण पराजुली
अलभ्य पहारी
श्रीती पराजुली
कुशुम पराजुली
परिधि सिग्देल
गीत घिमिरे
प्रिसा सिग्देल,
रूबी घिमिरे

**एवम् समस्त सिग्देल परिवार**